संघीय संसद

राष्ट्रिय सभा

सूचनापत्र-२

# दसौं अधिवेशन अवधि अन्तर्गत मिति २०७८ भदौ २३ देखि असोज २५ सम्मका सूचनापत्र

**संघीय संसद**

**राष्ट्रिय सभा**

**दशौं अधिवेशन**

**बैठक -१**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ भदौ २३, मङ्गलवार**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको पहिलो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ४:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले दशौं अधिवेशनको पहिलो बैठकमा पाल्नुभएका सम्पूर्ण माननीय सदस्यहरूलाई स्वागत गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वान सम्बन्धमा प्राप्त पत्रको बेहोरा पढेर सुनाउनुभयो :

***"सम्माननीय अध्यक्ष,***
***राष्ट्रिय सभा,***
***सिंहदरबार, काठमाडौं।***

***नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम संवत् २०७८ साल भदौ २३ गते बुधवारका दिन १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु।***

**(विद्यादेवी भण्डारी)"**

त्यसपछि सभाले लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न दुई मिनेट उठेर मौन धारण गर्‍यो।

लगत्तै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू उठ्नुभयो र प्रमुख प्रतिपक्ष दलका माननीय खिम लाल भट्टराईले समय मागेर बोल्नु हुँदै बैठक चल्न नसक्ने भनाइ व्यक्त गर्नुभयो।

सम्माननीय अध्यक्षले बारम्बार आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि सम्माननीय अध्यक्षले अपराह्न ४:३० बजे ३० मिनेटका लागि सभाको बैठक स्थगित भएको जानकारी गराउनुभयो।

३० मिनेटका लागि स्थगित सभाको बैठक अपराह्न ५:५० बजे सुरु भयो।

प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू पुनः उठ्नुभयो र पुनः बस्न आग्रह गर्नु हुँदा समेत माननीय

सदस्यहरू नबस्नु भएपछि सम्माननीय अध्यक्षले कार्यसूचीको क्रमसङ्ख्या २ र ३ मा रहेका विषयहरू हटाइएको जानकारी गराउनुभयो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ साल भदौ २५ गते शुक्रवार दिनको १:०० बजे** बस्ने गरी अपराह्न ५:५२ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव

**संघीय संसद**

**राष्ट्रिय सभा**

**दशौं अधिवेशन**

**बैठक -२**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ भदौ २५, शुक्रवार**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको दोस्रो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ढ्यापढ्याप गर्दै उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय देवेन्द्र दाहाललाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले कार्यसूचीमा समावेश भएका विषयहरूको क्रमलाई हेरफेर गरिएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले मिति २०७८ भदौ २३ गते राष्ट्रिय सभाको दशौं अधिवेशनको पहिलो बैठकमा पेस गर्ने गरी कार्यसूचीमा समावेश गरिएको **"राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८"** लाई सदनमा तत्काल उत्पन्न परिस्थितिका कारण कार्यसूचीबाट हटाउनु परेकाले उक्त कार्यसूचीलाई यसै बैठकमा निरन्तरता दिइएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **माननीय गृह मन्त्री बालकृष्ण खाण**लाई **"राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८"** पेस गर्न समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले कार्यसूचीमा समावेश भएको साविकको क्रमसङ्ख्या १ को विषयलाई कार्यसूचीबाट हटाएको बेहोरा जानकारी गराउनुभयो। सम्माननीय अध्यक्षले उक्त बेहोरा जानकारी गराउनु भई बस्न आग्रह गर्नु भएपछि प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू आआफ्ना आसनमा बस्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले संविधान सभा सदस्यद्वय **जुठबहादुर खड्गी (जे.बी. टुहुरे)** र **महेन्द्र शेरचन**को निधन भएकामा निम्नलिखित शोक प्रस्तावहरू प्रस्तुत गर्नुभयो :

**शोक प्रस्ताव**

१. "२०७० सालको संविधान सभा सदस्य जुठबहादुर खड्गी (जे.बी. टुहुरे) को मिति २०७८ साल भदौ १० गते बिहीबारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक

प्रकट गर्दछ।

जनगायक स्व. खड्गी तत्कालीन एकीकृत नेकपा (माओवादी) को तर्फबाट संविधान सभा सदस्य हुनुहुन्थ्यो।

यो बैठक स्व. जुठबहादुर खड्गी (जे.बी. टुहुरे) प्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।"

२. "२०७० सालको संविधान सभा सदस्य महेन्द्र शेरचनको मिति २०७८ साल भदौ २ गते बुधवारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

सञ्चार उद्यमी स्व. शेरचन तत्कालीन नेकपा (एमाले) को तर्फबाट मुस्ताङ जिल्लाबाट २०७० सालको संविधान सभा सदस्य हुनुहुन्थ्यो।

यो बैठक स्व. महेन्द्र शेरचनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।"

त्यसपछि सम्माननीय अध्यक्षले उल्लिखित शोक प्रस्तावहरूलाई पारित गरिदिन अनुरोध गर्नु हुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो।

त्यसपछि सभाले संविधान सभा सदस्यद्वय **जुठबहादुर खड्गी (जे.बी. टुहुरे)** र **महेन्द्र शेरचन**को निधनप्रति शोक व्यक्त गर्न उठेर एक मिनेट मौन धारण गऱ्यो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ साल भदौ २८ गते सोमवार दिनको १:०० बजे** बस्ने गरी दिनको १:१५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव

**संघीय संसद**

**राष्ट्रिय सभा**

**दशौं अधिवेशन**

**बैठक -३**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ भदौ २८, सोमवार (पहिलो बैठक)**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको तेस्रो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ढ्यापढ्याप गर्दै उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय भैरव सुन्दर श्रेष्ठलाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। माननीय भैरव सुन्दर श्रेष्ठले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले राखेका मागका सम्बन्धमा सबैको ध्यानाकर्षण भइसकेको जानकारी गराउनु हुँदै सभा सञ्चालनका लागि आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि सम्माननीय अध्यक्षले कार्यसूचीको क्रम सङ्ख्या १ को (ख) र क्रम सङ्ख्या २ को (क) देखि (घ) सम्मका विषयहरूलाई कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति परशुराम मेघी गुरुङका तर्फबाट **माननीय ठगेन्द्र प्रकाश पुरी**लाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त **"लोक सेवा आयोग विधेयक, २०७५ सम्बन्धी समितिको प्रतिवेदन"** सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **१५ मिनेटपछि** बस्ने गरी दिनको १:१५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव

**संघीय संसद**
**राष्ट्रिय सभा**
**दशौं अधिवेशन**
**बैठक -४**
**सूचनापत्र -२**
**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ भदौ २८, सोमवार (दोस्रो बैठक)**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको चौथो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:३० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ढ्यापढ्याप गर्दै उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय कोमल वलीलाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। माननीय कोमल वलीले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले राखेका मागका सम्बन्धमा सबैको ध्यानाकर्षण भइसकेको जानकारी गराउनु हुँदै सभा सञ्चालनका लागि आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "लोक सेवा आयोग विधेयक, २०७५ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "लोक सेवा आयोग विधेयक, २०७५"** माथि छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा समेत जानकारी गराउनुभयो। सम्माननीय अध्यक्षले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु हुँदा कुनै पनि माननीय सदस्यले भाग नलिनु भएपछि उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"लोक सेवा आयोग विधेयक, २०७८ लाई पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका पूर्व सदस्य **रुक्म शम्शेर ज.ब.रा.** को निधन भएकामा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो :

**शोक प्रस्ताव**

"२०४८ सालको राष्ट्रिय सभाका सदस्य रुक्म शम्शेर ज.ब.रा. को मिति २०७८ साल भदौ २६ गते शनिवारका दिन ८६ वर्षको उमेरमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

भारतका लागि पूर्व राजदूत, राष्ट्रिय खेलकुद परिषद्को पूर्व सदस्य सचिव एवम् नेपाल ओलम्पिक कमिटीको पूर्व अध्यक्ष समेत रहनुभएका स्व. ज.ब.रा. २०४८ सालको राष्ट्रिय सभा सभामा मनोनीत सदस्यका रूपमा रहनुभएको थियो।

यो बैठक स्व. रुक्म शम्शेर ज.ब.रा. प्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।"

त्यसपछि सभाले उल्लिखित शोक प्रस्तावलाई सर्वसम्मतिले पारित गर्दै राष्ट्रिय सभा पूर्व सदस्य **रुक्म शम्शेर ज.ब.रा.** को निधनप्रति शोक व्यक्त गर्न उठेर एक मिनेट मौन धारण गर्‍यो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ साल भदौ ३० गते बुधवार** बिहान ११:०० बजे बस्ने गरी दिनको १:४५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव

**संघीय संसद**
**राष्ट्रिय सभा**
**दशौं अधिवेशन**
**बैठक -५**
**सूचनापत्र -२**
**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**
**२०७८ भदौ ३०, बुधवार**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको पाँचौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान ११:०० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ढ्यापढ्याप गर्दै उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय भगवती न्यौपानेलाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। माननीय भगवती न्यापानेले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले राखेका मागका सम्बन्धमा सबैको ध्यानाकर्षण भइसकेको जानकारी गराउनु हुँदै सभा सञ्चालनका लागि आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि सम्माननीय अध्यक्षले कार्यसूचीको क्रम सङ्ख्या १ र २ का विषयहरूलाई कार्यसूचीबाट हटाइएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले संविधान सभा सदस्य **मानबहादुर महतो**को निधन भएकामा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो :

**शोक प्रस्ताव**

"२०६४ सालको संविधान सभा सदस्य मानबहादुर महतोको मिति २०७८ साल भदौ २७ गते आइतवारका दिन ७२ वर्षको उमेरमा निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

नेपाली काँग्रेसका नेता स्व. महतो २०६४ सालको संविधान सभामा सदस्यको रूपमा रहनुभएको थियो।

यो बैठक स्व. मानबहादुर महतोप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।"

त्यसपछि सभाले उल्लिखित शोक प्रस्तावलाई सर्वसम्मतिले पारित गर्दै संविधान सभा सदस्य **मानबहादुर महतो**को निधनप्रति शोक व्यक्त गर्न उठेर एक मिनेट मौन धारण गऱ्यो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ साल असोज ०५ गते मङ्गलवार** दिनको १:०० बजे बस्ने गरी बिहान ११:१० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव

**संघीय संसद**

**राष्ट्रिय सभा**

**दशौं अधिवेशन**

**बैठक -६**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ असोज ०५, मङ्गलवार (पहिलो बैठक)**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको छैटौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ढ्यापढ्याप गर्दै उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय **देवेन्द्र दाहाल**लाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। त्यसपछि प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू बस्नुभयो र माननीय **देवेन्द्र दाहाल**ले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू पुनः उठ्नु भएपछि सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले राखेका मागका सम्बन्धमा सबैको ध्यानाकर्षण भइसकेको जानकारी गराउनु हुँदै सभा सञ्चालनका लागि आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि सम्माननीय अध्यक्षले कार्यसूचीको क्रम सङ्ख्या २ र ३ का विषयहरूलाई कार्यसूचीबाट हटाइएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "विनियोजन विधेयक, २०७८" लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभयो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **१५ मिनेट**पछि बस्ने गरी दिनको १:१० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव

**संघीय संसद**
**राष्ट्रिय सभा**
**दशौं अधिवेशन**
**बैठक -७**
**सूचनापत्र -२**
**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ असोज ०५, मङ्गलवार (दोस्रो बैठक)**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको सातौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:२५ बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ढ्यापढ्याप गर्दै उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय **भैरव सुन्दर श्रेष्ठ**लाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। त्यसपछि प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू बस्नुभयो र माननीय **भैरव सुन्दर श्रेष्ठ**ले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू पुनः उठ्नु भएपछि सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले राखेका मागका सम्बन्धमा सबैको ध्यानाकर्षण भइसकेको जानकारी गराउनु हुँदै सभा सञ्चालनका लागि आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"विनियोजन विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"विनियोजन विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथि छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा समेत जानकारी गराउनुभयो। सम्माननीय अध्यक्षले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु हुँदा कुनै पनि माननीय सदस्यले भाग नलिनु भएपछि उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"विनियोजन विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"विनियोजन विधेयक, २०७८"** का विभिन्न शीर्षकहरूमाथि समूहीकृत रूपमा छलफल र सम्बन्धित मन्त्रीबाट जबाफ दिनका लागि मिति २०७८ असोज ७ गतेको दिन र समय निर्धारण गरिएको जानकारी गराउनु हुँदै उक्त छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई दलीय आधारमा बैठक सुरु हुनुभन्दा १ दिन अगावै कार्य व्यवस्था शाखा (राष्ट्रिय सभा) मा नाम उपलब्ध गराउन समेत जानकारी गराउनुभयो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ असोज ७ गते बिहीवार** दिनको २:०० बस्ने गरी दिनको १:४५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव

**संघीय संसद**

**राष्ट्रिय सभा**

**दशौं अधिवेशन**

**बैठक -८**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ असोज ७, बिहीवार**

---

संघीय संसद,राष्ट्रिय सभाको दशौं अधिवेशनको आठौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ढ्यापढ्याप गर्दै उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय **कोमल वली**लाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। माननीय **कोमल वली**ले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले राखेका मागका सम्बन्धमा सबैको ध्यानाकर्षण भइसकेको जानकारी गराउनु हुँदै संवादका माध्यमबाट समस्या समाधान गर्न प्रधानमन्त्रीलाई आग्रह समेत गर्नुभयो। सम्माननीय अध्यक्षले सभा सञ्चालनका लागि आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि कार्यसूचीको क्रम सङ्ख्या २ र ३ मा समावेश गरिएका विषयहरू कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को गठन सम्बन्धी पत्रको बेहोरा पढेर सुनाउनुभयो :

“

मिति २०७८/६/६

विषय : मन्त्रिपरिषद्को गठन सम्बन्धमा।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको नेतृत्वमा मिति २०७८/०३/२९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा डा. नारायण खड्कालाई मन्त्री पदमा नियुक्त गरी हाल सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाली आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु।

(तोयनारायण ज्ञवाली)

सचिव"

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त विनियोजन विधेयक, २०७८ मा उल्लिखित शीर्षकहरूमाथि समूहीकृत रूपमा छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा भाग लिन कुनै पनि दलबाट माननीय सदस्यहरूको नाम प्राप्त हुन नआएकाले उक्त छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **माननीय अर्थ मन्त्री जनार्दन शर्मा**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"विनियोजन विधेयक, २०७८ लाई पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरी **बहुमत**ले स्वीकृत भएको घोषणा गर्नुभयो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ असोज ८ गते शुक्रवार** बिहान ११:०० बस्ने गरी दिनको २:१० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव

**संघीय संसद**

**राष्ट्रिय सभा**

**दशौं अधिवेशन**

**बैठक -९**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ असोज ८, शुक्रवार (पहिलो बैठक)**

---

संघीय संसद,राष्ट्रिय सभाको दशौं अधिवेशनको नवौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान ११:०० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ढ्यापढ्याप गर्दै उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय **खिम लाल भट्टराई**लाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। माननीय **खिम लाल भट्टराई**ले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले राखेका मागका सम्बन्धमा सबैको ध्यानाकर्षण भइसकेको जानकारी गराउनु हुँदै सभा सञ्चालनका लागि आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि सम्माननीय अध्यक्षले कार्यसूचीको क्रम सङ्ख्या ३ र ४ मा समावेश गरिएका विषयहरू कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउनुभयो।

सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण सम्बन्धी प्राप्त पत्रको बेहोरा पढेर सुनाउनुभयो :

“ मितिः २०७८/०६/०७

**विषयः विधेयक प्रमाणीकरण गरी पठाइएको।**

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेस हुन आएको देहाय बमोजिमको विधेयक सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सोको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयक नं. | विवरण | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १ | १ | विनियोजन विधेयक, २०७८ | २०७८/०६/०७ |

(तोयनारायण ज्ञवाली)

सचिव**”**

त्यसपछि सम्माननीय अध्यक्षले **राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाल**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **“आर्थिक विधेयक, २०७८”** र **“राष्ट्र ऋण उठाउने विधेयक, २०७८”** लाई सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनुभयो

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **१० मिनेट**पछि बस्ने गरी बिहान ११:०५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव

**संघीय संसद**

**राष्ट्रिय सभा**

**दशौं अधिवेशन**

**बैठक -१०**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ असोज ८, शुक्रवार (दोस्रो बैठक)**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको दशौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान ११:१५ बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू टेबुल ढ्यापढ्याप गर्दै उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय **खिम लाल भट्टराई**लाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। माननीय **खिम लाल भट्टराई**ले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले राखेका मागका सम्बन्धमा सबैको ध्यानाकर्षण भइसकेको जानकारी गराउनु हुँदै सभा सञ्चालनका लागि आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि सम्माननीय अध्यक्षले सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथि छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा समेत जानकारी गराउनुभयो। सम्माननीय अध्यक्षले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु हुँदा कुनै पनि माननीय सदस्यले भाग नलिनु भएपछि उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"आर्थिक विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय अर्थमन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"राष्ट्र ऋण उठाउने विधेयक,**

**२०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथि छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा समेत जानकारी गराउनुभयो। सम्माननीय अध्यक्षले छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु हुँदा कुनै पनि माननीय सदस्यले भाग नलिनु भएपछि उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले "**आर्थिक विधेयक, २०७८" र "राष्ट्र ऋण उठाउने विधेयक, २०७८"** माथि सुझाव पेस गर्न चाहनु हुने माननीय सदस्यहरूलाई राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम विधेयक शाखा (राष्ट्रिय सभा) मा सुझाव सहितको सूचना दिन सक्ने बेहोरा जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "**आर्थिक विधेयक, २०७८" र "राष्ट्र ऋण उठाउने विधेयक, २०७८"** माथि दफावार छलफलका लागि **मिति २०७८ असोज ११** गतेको दिन र समय निर्धारण गरिएको जानकारी गराउनु हुँदै उक्त छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूलाई दलीय आधारमा बैठक सुरु हुनुभन्दा १ दिन अगावै कार्य व्यवस्था शाखा (राष्ट्रिय सभा) मा नाम उपलब्ध गराउन जानकारी गराउनुभयो

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ साल असोज ११ गते सोमवार बिहान ११:०० बजे** बस्ने गरी बिहान ११:२५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव

**संघीय संसद**
**राष्ट्रिय सभा**
**दशौं अधिवेशन**
**बैठक -११**
**सूचनापत्र -२**
**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ असोज ११, सोमबार**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको एघारौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहानको ११:०० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू उठ्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय परशु राम मेघी गुरुङ्गलाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। माननीय परशु राम मेघी गुरुङ्गले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरुलाई बसेर बैठकको कारवाही अगाडी बढाउँन सहयोग गर्न आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि कार्यसूचीको क्रम सङ्ख्या १ र २ मा समावेश गरिएका विषयहरू कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७८ माथिको दफावार छलफल सदनमा गरियोस" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव **बहुमत**ले स्वीकृत भएको घोषणा गर्नुभयो। सम्माननीय अध्यक्षले उक्त प्रस्ताव माथि सदनमा दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा भाग लिन समय उपलब्ध गराउनुहुँदा कुनै पनि दलबाट माननीय सदस्यहरूको नाम प्राप्त हुन नआएकाले उक्त छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले विधेयकको दफा २ देखि ४५ सम्म र सोसँग सम्बन्धित अनुसूची १ देखि ४ सम्म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७८ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भई अङ्ग बनेको घोषणा गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँनुहुँदै उक्त प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "आर्थिक विधेयक, २०७८ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले अङ्ग बनेको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री जनार्दन शर्मालाई "प्रतिनिधि सभाबाट सन्देश सहित

प्राप्त आर्थिक विधेयक, २०७८ लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले अर्थ मन्त्री जनार्दन शर्मालाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७८ माथिको दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव पेश गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो। सम्माननीय अध्यक्षले उक्त प्रस्ताव माथि सदनमा दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनु हुँदै छलफलमा भाग लिन समय उपलब्ध गराउनुहुँदा कुनै पनि दलबाट माननीय सदस्यहरूको नाम प्राप्त हुन नआएकाले उक्त छलफल समाप्त भएको जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले "राष्ट्र ऋण उठाउने विधेयक, २०७८ को दफा २ लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७८ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले अङ्ग बनेको घोषणा गर्नुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँनुहुँदै उक्त प्रस्तावना र नाम प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०७८ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले अङ्ग बनेको घोषणा गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय अर्थ मन्त्री जनार्दन शर्मालाई "प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त राष्ट्र ऋण उठाउने विधेयक, २०७८ लाई मूल रूपमै (सुझाव बिना) पारित गरी प्रतिनिधि सभामा फिर्ता पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाको बहुमतले स्वीकृत गरेकोले उक्त प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्नुभयो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक मिति २०७८ असोज १७ गते आइतवार दिनको १:०० बस्ने गरी दिनको ११:२५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव

**संघीय संसद**
**राष्ट्रिय सभा**
**दशौं अधिवेशन**
**बैठक -१२**
**सूचनापत्र -२**
**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

**२०७८ असोज १८, सोमबार**

---

संघीय संसद, राष्ट्रिय सभाको दशौं अधिवेशनको बाह्रौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा बिहान ११:०० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू उठ्नु भई माननीय दिल कुमारी रावल थापा (पार्वती) ले समय माग गर्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट माननीय दिल कुमारी रावल थापा (पार्वती) लाई आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। माननीय दिल कुमारी रावल थापा (पार्वती) ले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

लगत्तै माननीय खिम लाल देवकोटाले बोल्न समय माग गर्नु भएपछि सम्माननीय अध्यक्षले बोल्न समय उपलब्ध गराउनुहुँदा माननीय खिम लाल देवकोटाले सर्वोच्च अदालतमा विचाराधीन विषयहरू संसदमा छलफल हुन नहुने भन्दै नियमापत्ति जनाउँदा सम्माननीय अध्यक्षले सर्वोच्च अदालतमा विचाराधीन कुनै पनि विषयहरू राष्ट्रिय सभाको सदनमा छलफल नभएको र कार्यसूचीमा समावेश नभईकन सदनमा छलफलको विषय नबन्ने बेहोरा जानकारी गराउनु हुँदै माननीय खिम लाल देवकोटाले जनाउनु भएको नियमापत्ति खारेजयोग्य भएको जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरूलाई बसेर बैठकको कारवाही अगाडि बढाउन सहयोग गर्न आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि कार्यसूचीको क्रम सङ्ख्या ३ र ४ मा समावेश गरिएका निम्न विषयहरू कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउनुभयो :

"३. विधायन व्यवस्थापन समितिका माननीय सभापति परशुराम मेघी गुरुङले "अध्यागमन विधेयक, २०७६" सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्नुहुने।

४. माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले तपसिल बमोजिमका विधेयकहरूलाई सभा समक्ष पेश गर्नुहुने :-

(क) फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने विधेयक, २०७८

(ख)  यौन हिंसा विरुद्धका केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७८”

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट विधेयक प्रमाणीकरण गरी पठाइएको सम्बन्धमा प्राप्त पत्रको निम्नानुसारको बेहोरा पढेर सुनाउनुभयो :

"संघीय संसदको दुवै सदनका बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेस हुन आएका देहाय बमोजिमका विधेयकहरू सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सोको प्रमाणीकृत प्रतिहरु थान २ (दुई) यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|
| १ | आर्थिक विधेयक, २०७८ | २०७८/०६/१३ |
| २ | राष्ट्र ऋण उठाउने विधेयक, २०७८ | २०७८/६/१३ |

(तोयनारायण ज्ञवाली)

सचिव"

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट प्राप्त अध्यादेश खारेज सम्बन्धी पत्रको निम्नानुसारको बेहोरा पढेर सुनाउनुभयो :

"सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा ११४ को उपधारा (२ (को खण्ड (ख) बमोजिम राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ मिति २०७८/६/११ गते खारेज गर्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु।

(तोयनारायण ज्ञवाली)

सचिव"

त्यसपछि सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाका** तर्फबाट **माननीय** कानून, न्याय तथा संसदीय मामिला, **मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीलाई “महालेखापरीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदन, २०७८”** सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट **माननीय कानून,**

**न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **"खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सभाको बहुमत भएकाले सो प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **"सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सभाको बहुमत भएकाले सो प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **"अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सभाको बहुमत भएकाले सो प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **"सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सभाको बहुमत भएकाले सो प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ साल असोज २४ गते आइतवार दिनको २:०० बजे** बस्ने गरी बिहान ११:२५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव

**संघीय संसद**

**राष्ट्रिय सभा**

**दशौं अधिवेशन**

**बैठक -१३**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

*बैठक प्रारम्भ : १:०० बजे*
*बैठक अन्त्य : १:२५*

**२०७८ असोज २५, सोमबार**

---

संघीय संसद,राष्ट्रिय सभाको दशौं अधिवेशनको तेह्रौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।

कार्यसूचीमा प्रवेश गर्नुपूर्व नै प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू उठ्नु भई माननीय खिमलाल भट्टराईले समय माग गर्नु भएपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका तर्फबाट आफ्ना भनाइ राख्न समय उपलब्ध गराउनुभयो। माननीय खिमलाल भट्टराईले आफ्ना भनाइ राख्नु हुँदै सदन चल्न नसक्ने बताउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरूलाई बसेर बैठकको कारवाही अगाडि बढाउन सहयोग गर्न आग्रह गर्नु हुँदा समेत प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरू नबस्नु भएपछि कार्यसूचीको क्रम सङ्ख्या २ र ३ मा समावेश गरिएका निम्न विषयहरू कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउनुभयो :

"२. सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाले तपसिल बमोजिमका प्रतिवेदनहरू सभा समक्ष पेश गर्नुहुनेः-

(क) राष्ट्रिय दलित आयोगको वार्षिक प्रतिवेदन, २०७७/०७८

(ख) मधेशी आयोगको वार्षिक प्रतिवेदन २०७७/०७८

(ग) मुस्लिम आयोगको वार्षिक प्रतिवेदन, २०७६/०७७

"३. विधायन व्यवस्थापन समितिका माननीय सभापति परशुराम मेघी गुरुङले "अध्यागमन विधेयक, २०७६" सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्नुहुने।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट मन्त्रिपरिषद्को गठन सम्बन्धमा प्राप्त पत्रको निम्नानुसारको बेहोरा पढेर सुनाउनुभयो :

" सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको सिफारिसमा मिति २०७८/६/२२ गते देहायअनुसार नियुक्ति, हेरफेर र कार्यविभाजन गरी देहायबमोजिम मन्त्रिपरिषद् गठन गर्नुभएको व्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | नाम, थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १ | श्री शेरबहादुर देउवा | प्रधानमन्त्री | |
| २ | श्री बालकृष्ण खाँण | मन्त्री | गृह |
| ३ | श्री ज्ञानेन्द्रबहादुर कार्की | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ४ | श्री पम्फा भुसाल | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई |
| ५ | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| ६ | श्री विरोध खतिवडा | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| ७ | श्री जनार्दन शर्मा | मन्त्री | अर्थ |
| ८ | डा. मीनेन्द्रप्रसाद रिजाल | मन्त्री | रक्षा |
| ९ | श्री उमाकान्त चौधरी | मन्त्री | खानेपानी |
| १० | डा. नारायण खड्का | मन्त्री | परराष्ट्र |
| ११ | श्री रेणुकुमारी यादव | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| १२ | श्री प्रेम बहादुर आले | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १३ | श्री दिलेन्द्रप्रसाद बडू | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| १४ | श्री देवेन्द्र पौडेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १५ | श्री महिन्द्र राय यादव | मन्त्री | कृषि तथा पशुपंक्षी विकास |
| १६ | श्री उमा रेग्मी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १७ | श्री शशी श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १८ | श्री रामकुमारी झाक्री | मन्त्री | सहरी विकास |
| १९ | श्री गजेन्द्रबहादुर हमाल | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| २० | श्री रामसहाय प्रसाद यादव | मन्त्री | वन तथा वातावरण |
| २१ | श्री कृष्णकुमार श्रेष्ठ | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| २२ | श्री महेश्वरजंग गहतराज | मन्त्री | युवा तथा खेलकुद |
| २३ | श्री उमेश श्रेष्ठ | राज्यमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २४ | श्री भवानीप्रसाद खापुङ | राज्यमन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| २५ | श्री बोधमायाकुमारी यादव | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |

(तोयनारायण ज्ञवाली)

सचिव"

त्यसपछि सम्माननीय अध्यक्षले समय उपलब्ध गराएपछि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री दिलेन्द्र प्रसाद वडुलाइ "राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभामा विचाराधीन रहेको रेल्वे विधेयक, २०७६ लाई फिर्ता गर्ने सम्बन्धमा राष्ट्रिय सभाको सहमतिको लागि प्रतिनिधि सभाबाट प्राप्त भएको सिफारिस अनुसार सभाबाट सहमति दिइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नु र उक्त प्रस्तावमाथि विरोध सम्बन्धी प्रस्ताव राख्न चाहानुहुने माननीय सदस्यहरुलाई आ-आफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराइदिनु हुन सम्माननीय अध्यक्षले अनुरोध गर्नुहुँदा कसैले पनि विरोधको प्रस्ताव नराखेकाले उक्त प्रस्तावमाथि कुनैपनि माननीय सदस्यबाट विरोध सम्बन्धी प्रस्ताव प्रस्तुत नभएको जानकारी गराउनुभयो।

तत्पश्चात, सम्माननीय अध्यक्षले "राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभामा विचाराधीन रहेको रेल्वे विधेयक, २०७६ लाई फिर्ता गर्ने सम्बन्धमा राष्ट्रिय सभाको सहमतिको लागि प्रतिनिधि सभाबाट प्राप्त भएको

सिफारिस अनुसार सभाबाट सहमति दिइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सभाको बहुमत भएकाले सो प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्नुभयो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक अर्को सूचनाद्वारा तोकिने मिति र समयमा बस्ने गरी दिनको १:२५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव